# SANIMA RELIANCE LIFE INSURANCE
खुलेर जिऔं

## आर्थिक बर्ष २०७९/८० को चौथो त्रैमासिक (आषाढ मसान्त) सम्मको अपरिष्कृत वित्तीय विवरण

(रकम रु. हजारमा)

| क्र.सं. | विवरण | लेखा परिक्षण नभएको यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको अघिल्लो आ.व. को सम्बन्धित त्रैमासिकका अन्त्य सम्ममा |
|---|---|---|---|---|
| | **वासलात** | | | |
| १ | **श्रोत (१.१ देखि १.५ सम्म)** | **१३,६८४,८८४** | **१३,५२७,५०१** | **५,७८२,१४१** |
| १.१ | चुक्ता पूंजी | ४,१८४,००० | ४,१८४,००० | २,०००,००० |
| १.२ | जगेडा तथा कोष | ७४८,९१४ | ६९६,४०४ | ३९१,८८७ |
| १.३ | जीवन बीमा कोष | ८,६४२,२०६ | ८,५४३,१६८ | ३,३४८,७८८ |
| १.४ | महाबिपत्ती कोष जगेडा | १०९,७६४ | १०३,९२९ | ४१,४६६ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | - | - | - |
| २ | **उपयोग(२.१ देखि २.६ सम्म)** | **१३,६८४,८८४** | **१३,५२७,५०१** | **५,७८२,१४१** |
| २.१ | स्थिर सम्पति(खुद) | १४६,०४७ | १४५,८८० | ८०,९७९ |
| २.२ | दीर्घकालिन लगानी तथा कर्जा | ११,२८७,१८४ | १०,३६५,७३६ | ४,११४,०५१ |
| २.३ | बीमालेखको धितोमा कर्जा | १,०४५,७५० | ९९३,२२८ | २०५,६०७ |
| २.४ | अन्य दीर्घकालिन कर्जा | १४३,०६८ | १५१,८६४ | ८३,४०२ |
| २.५ | खुद चालु सम्पत्ती (३-४) | **१,०६२,८३६** | **१,८७०,७९३** | **१,२९८,१०१** |
| २.६ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | - | - | - |
| २.७ | नाफा नोक्सान हिसावबाट सारेको नोक्सान | - | - | - |
| | खूद चालु सम्पत्तीको विवरण | - | - | - |
| ३ | **चालु सम्पत्ती कर्जा तथा पेश्कीहरु (३.१ देखी ३.३ सम्म)** | **४,३६४,८५५** | **४,१२२,४६०** | **१,६१६,३८०** |
| ३.१ | नगद तथा बैंक मौज्दात | ५११,४६१ | २८३,८०२ | १३२,४७५ |
| ३.२ | अल्पकालीन लगानी तथा कर्जा | २,८८०,०२१ | २,८७५,३५६ | १,१९७,६३४ |
| ३.३ | अन्य सम्पत्ती | ९७३,३७३ | ९६३,३०२ | २८६,२७२ |
| ४ | **चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखी ४.४ सम्म)** | **३,३०२,०१९** | **२,२५१,६६७** | **३१८,२७९** |
| ४.१ | चालु दायित्व | ९०६,२७९ | ७३९,०१६ | २३०,८२४ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | ४०७,२३३ | ३६८,६२५ | ५४,२६५ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | १,८७१,००६ | १,०३३,००६ | - |
| ४.४ | अन्य व्यवस्था | ११७,५०२ | १११,०२० | ३३,१९० |
| | **नाफा नोक्सान हिसाव** | | | |
| १ | **आम्दानी (१.१ देखि १.५ सम्म)** | **२९२,९७८** | **२०६,९९२** | **२२७,४२८** |
| १.१ | आय व्यय हिसावबाट सारेको | १४,२१० | ४४,१०२ | १०१,४९३ |
| १.२ | जीवन बीमा कोषवाट सारेको | - | - | - |
| १.३ | लगानी कर्जा तथा अन्यवाट आय | २७८,७६८ | १६२,८९० | १२५,९३५ |
| १.४ | व्यवस्था फिर्ता | - | - | - |
| १.५ | अन्य आम्दानी | - | - | - |
| २ | **व्यवस्था तथा खर्चहरु (२.१ देखि २.८ सम्म)** | **७३,५९१** | **४५,९५०** | **६८,३१४** |
| २.१ | व्यवस्थापन खर्च | ४७,१४६ | २५,९६७ | ३९,५८३ |
| २.२ | अपलेखन खर्च | - | - | - |
| २.३ | शेयर सम्बन्धी खर्च | - | २० | ७,६२९ |
| २.४ | अन्य खर्चहरु | - | - | ३,४२३ |
| २.५ | नोक्सानीको लागी व्यवस्था | २,०६८ | २,०६८ | - |
| २.६ | कर्मचारी आवास व्यवस्था | - | - | - |
| २.७ | कर्मचारी वोनस व्ययवस्था | २४,३७६ | १७,८९४ | १७,६७९ |
| २.८ | समायोजित आयकर | - | - | - |
| २.९ | जीवन बीमा कोषमा सारेको | - | - | - |
| | **खुद नाफा/नोक्सान(१-२)** | **२१९,३८७** | **१६१,०४३** | **१५९,११४** |
| | **एकिकृत आय व्यय हिसाव** | | | |
| १ | **आय (१.१ देखी १.७ सम्म )** | **३,९८९,९९१** | **२,२१८,७१३** | **२,५९९,०५३** |
| १.१ | बीमाशूल्क (खूद) | ३,३५८,१५० | १,८४९,२५९ | २,३१६,७९५ |
| १.२ | पुनर्बीमा कमिसन आय | - | - | - |
| १.३ | लगानी, कर्जा तथा अन्यवाट आय | ५४८,७९७ | ३०१,४०७ | २५३,४२८ |
| १.४ | बीमालेखको धितोमा कर्जावाट आय | २३,०१७ | ७,१७६ | - |
| १.५ | अन्य प्रत्यक्ष आय | - | ८४५ | - |
| १.६ | त्रैमासिकको शुरुको भूक्तानी हुन बाँकी दावी बापत व्यवस्था | २३१ | २३१ | - |
| १.७ | त्रैमासिकको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | ५९,७९६ | ५९,७९६ | २८,८३० |
| २ | **व्यय (२.१ देखी २.१० सम्म)** | **३,२९२,९७८** | **१,५९०,८४६** | **१,२५६,१७६** |
| २.१ | दाबी भुक्तानी (खुद ) | ९०८,१४४ | ४७४,६७४ | ४३८,३०९ |
| २.२ | अभिकर्ता कमिशन | ४३५,७७६ | २२९,६२१ | ३८१,६८३ |
| २.३ | स्वास्थ्य परीक्षण शुल्क | १,८१६ | ७३४ | २,४०४ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | - | - | - |
| २.५ | सेवा शुल्क (खुद) | २६,६०८ | ३२,३९६ | २२,९०५ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | ७९ | ७९ | ३६१ |
| २.७ | व्यवस्थापन खर्च | ४२४,३१३ | २३३,७०७ | ३५६,२४८ |
| २.८ | आयकर | - | | |
| २.९ | त्रैमासिकको अन्त्यको भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था | १,३३४,६७९ | ४९६,६८० | - |
| २.१० | त्रैमासिकको असमाप्त जोखिम बापत व्यवस्था | १६१,५६२ | १२२,९५४ | ५४,२६५ |
| ३ | वचत(१-२) | ६९७,०१३ | ६२७,८६७ | १,३४२,८७७ |
| ३.१ | जीवन बीमाकोषमा सारेको | ६८२,८०३ | ५८३,७६५ | १,२४६,७५० |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | १४,२१० | ४४,१०२ | १०१,४९३ |
| | **अन्य विवरण** | | | |
| १ | कुल बीमाशूल्क आर्जन रकम (रु. हजारमा) (यस आ.व.) | ३५,५१९ | १९,५३१ | २३,६९१ |
| २ | कुल बीमाशूल्क आर्जन रकम (रु. हजारमा) (हाल सम्म) | १६०,८६३ | १४४,८७५ | १०७,०४८ |
| ३ | कुल जारी बीमालेखको संख्या (यस आ.व.) | १३६,८७७ | १,१२३,८८१ | ५२,२०८ |
| ४ | घोषित मुनाफा (बोनस) को दर (२०७७७८ सम्मको ) | प्रति हजार रु. १९/- देखि रु. ७५/- सम्म | प्रति हजार रु. १९/- देखि रु. ७५/- सम्म | प्रति हजार रु. २०/- देखि रु. ७०/- सम्म |
| ५ | अन्तरिम मुनाफा (बोनस) को दर | - | - | - |
| ६ | कुल दाबी भुक्तानी रकम (रु. हजारमा ) | ९९१,२६३ | ४७४,८७० | ४३८,३०९ |
| ७ | कुल दाबी भुक्तानी संख्यामा आंशिक अवधि समाप्ती दावी सहित) | १४,९५४ | ३,२०८ | ३,२६० |
| ८ | भुक्तानी हुन बाँकी दावी रकम (आंशिक अवधि समाप्ती दावी सहित) (रु. हजारमा) | १,६८९,०९२ | ९६६,१७४ | - |
| ९ | भुक्तानी हुन बाँकी दाबी संख्यामा | ७,५१० | ८५ | - |

**द्रष्टव्यः**

१. विमांकीय मुल्यांकन र सो पश्चात हुन आउने प्रतिफलले प्रति शेयर आम्दानी तथा नेटवर्थ सबैमा परिवर्तन हुनेछ र नया बोनस दर कायम गरीनेछ ।

२. यस कम्पनीले बीमा समितिबाट मिति २०७४ अशोज ०७ गते लाईसेन्स प्राप्त गरि मिति २०७४ मङ्सिर २२ गते देखि कारोवार सुरु गरेको छ ।

३. यस वित्तीय विवरणमा स्थगन कर आय र खर्चको गणना गरिएको छैन ।

४. कम्पनीको माथि उल्लेखित असमाप्त जोखिम वापतको व्यवस्था बीमांकीय मुल्यांकन पश्चात परिवर्तन हुन सक्नेछ ।

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४
## (नियम २६ को उपनियम १ सँग सम्बन्धित) आ.व. २०७९/०८० को चौथो त्रैमासिक (२०८० आषाढ मसान्त) सम्मको प्रतिवेदन

### १. वित्तीय विवरणः

**क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण**

यस कम्पनीको आ.व. २०७९/०८० को चौथो त्रैमासिक अवधिको लेखापरिक्षण नभएको (Provisional) वासलात, नाफा नोक्सान तथा आय व्यय हिसाब विवरण यसै साथ प्रकाशित गरिएको छ ।

साविकको सानिमा लाईफ इन्स्योरेन्स लि. र रिलायन्स लाइफ इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने प्रकृया सम्पन्न भई मिति २०७९।१२।०९ देखि सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लि. भई एकिकृत कारोबार शुरु गरेको छ । यस अवधिमा सविकको सानिमा लाईफ इन्स्योरेन्स लि. ले आ.व. २०७९/०८० को २०७९ चैत्र ०८ सम्म संकलन गरेको बीमाशुल्क र २०७९ चैत्र ०९ देखि २०८० अषाढ मसान्तसम्म एकिकृत कम्पनी सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लि. ले संकलन गरेको बीमाशुल्क लाई मात्र यस प्रतिवेदनमा एकिकृत आय/व्यय हिसाबमा गणना गरि देखाईएको छ । साथै यस अवधिको मिति २०७९ चैत्र ०८ सम्म साविकका रिलायन्स लाइफ इन्स्योरेन्स लि. को अपरिष्कृत वित्तिय विवरणबाट सृजित सम्पत्ति, दायित्व , नाफा/नोक्सान र एकिकृत आय/व्यय हिसाबको बचत पनि एकिकृत कम्पनी सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लि. को सम्बन्धित सम्पत्ति, दायित्व, जगेडा कोष तथा जीवन बीमा कोषमा सारिएको छ ।

कम्पनीले आ.व. २०७९/८० को चौथो त्रैमास सम्ममा रु. २१.९४ करोड खुद नाफा आर्जन गर्न सफल भएको छ । गत वर्ष सोहि अवधिमा भएको खुद नाफाको दाँजोमा यस समीक्षा अवधिमा मुनाफामा ३८ प्रतिशतको बृद्धि भएको छ । यस समीक्षा अवधिमा कुल जीवन बीमाकोष रु. ८.६४ अर्ब भएको छ जुन गत बर्ष सोही अवधिसम्मको कुल जीवन बीमाकोष रु. ३.३४ अर्बको तुलनामा १५८ प्रतिशतको बृद्धि हो ।

कम्पनीले आ.व. २०७९/८० को चौथो त्रैमास सम्ममा रु. ९९.१३ करोड कुल दावी भुक्तानी गरेको छ । कम्पनीले आ.व. २०७९/८० को चौथो त्रैमास सम्ममा रु. १५.३६ अर्ब लगानी गर्न सफल भएको छ, जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. ५.६० अर्ब मा १७४ प्रतिशतको बद्धि हो ।

**ख) प्रमुख बित्तीय अनुपातहरु**

| | |
|---|---|
| प्रति शेयर आम्दानी (वार्षिकरण)* : रु. ५.२४ | मूल्य आम्दानी अनुपात : ७५.६७ |
| प्रति शेयर नेटवर्थ : रु. १२०.५२ | प्रति शेयर कुल सम्पत्तिको मूल्य : रु. ४०६.०० |

*** प्रति शेयर आम्दानी गणना गर्दा अन्तिम शेयर संख्या लिएको छ ।**

**ग) सम्बन्धित पक्ष (Related Party) बीच भएको कारोबार सम्बन्धी विवरण :** समीक्षा अवधिमा प्रचलित नियम कानूनको अधिनमा रहि संचालकसंग सम्बन्धित संस्थामा कार्यरत कर्मचारी तथा संचालकसंग सम्बन्धित व्यक्तिको बीमा सम्बन्धि कारोबारको विवरण निम्नानूसार छ ।

| | |
|---|---|
| **कारोबारको किसिम :** संचालकसंग सम्बन्धित व्यक्ति वा संस्थामा कार्यरत कर्मचारीको जीवन बीमाशूल्क बापतको आम्दानी | **कारोबार रकम :** रु. ४१२,७६७ |

### २. व्यवस्थापकिय विश्लेषणः

(क) कम्पनीको आ.व. २०७९/८० को चौथो त्रैमासिक अवधिमा कुल बीमाशुल्क रु. ३.५५ अर्ब रहेको छ जुन गत आ.व. को सोही अवधिमा प्राप्त कुल बीमा शुल्क रु. २.३७ अर्ब तुलनामा ५० प्रतिशतले बृद्धि भएको हो । त्यसैगरी संकलित प्रिमियम तथा जगेडा कोषहरुमा रहेको रकमलाई दीर्घकालीन/अल्पकालीन मुद्रा बजारका उपकरणहरुमा लगानी गरी ब्याज आर्जन गर्न सफल भएको छ ।

ख) विगतको अनुभवको आधारमा जीवन बीमा बजारको धरातल र जोखिमको विश्लेषण, विविधिकरण, गुणस्तरीय व्यवसायको अभिवृद्धि गरी ग्राहकहरुलाई सुलभ सेवा प्रदान गर्ने तथा शाखा विस्तार गरी सर्वसाधारणको जीवन बीमा पहुँच वृद्धि गर्ने रणनीति कम्पनीले लिएको छ ।

**३. कानूनी कारवाही सम्बन्धी विवरणः** सो नभएको ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषण :** त्रैमासिक अवधिको शेयर कारोबार सम्बन्धि विवरण

| | | |
|---|---|---|
| **अधिकतम मूल्य :** रु. ६१९.९ | **न्यूनतम मूल्य :** रु. ३९६.८ | **अन्तिम मूल्य :** रु. ५५६ |
| **कारोबार संख्या :** ३१,४३० कित्ता | **कारोबार दिन :** ३८ | |

**५. समस्या तथा चुनौतीः** हाल विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को संक्रमण मत्थर भई जीवन बीमा व्यवसायले गति लिन लागेको र आमजनमानसमा जीवन बीमाको आवश्यकता र महत्वबारे विस्तारै चेतना अभिवृद्धि भएसँगै व्यवसाय अपेक्षित रुपमा वृद्धि हुने आशा गरेका छौं । जीवन बीमा बजारमा रहेको अस्वस्थ प्रतिस्पर्धा र आशातित जीवन बीमा सम्बन्धि जनचेतनाको अभावलाई कम्पनीले चुनौतिको रुपमा लिएको छ ।

**६. संस्थागत सुशासन :** संस्थागत सुशासन कायम राख्न कम्पनी सदैव प्रतिवद्ध रहेको छ । बीमा ऐन, बीमा नियमावली, सञ्चालक समिति, विद्यमान कानून तथा बीमा समितिद्वारा समय समयमा जारी निर्देशिका र आन्तरीक नियम तथा प्रणाली अनुसार संस्थागत सुशासनको लागि आन्तरीक लेखा परिक्षक नियुक्त गरि लेखा परिक्षकको सुझाव अनुसार कार्य सम्पादन गर्दै आएको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः** आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।


**सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेड**

पो.ब.न. ७६८ कृष्ण टावर, नयाँ वानेश्वर, काठमाडौं, नेपाल फोन नः ०१-४७९७१२४

info@sanimareliancelife.com  www.sanimareliancelife.com